Published Date : २०८२-१०-१५

त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं

## 4- Years BFA 2nd Year Regular & Partial-2082

## ४ वर्षे स्नातक तह वि.एफ.ए. दोस्रो वर्षको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सम्बन्धि सूचना।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८२ सालमा संचालन हुने ४ वर्षे स्नातक तह वि.एफ.ए. दोस्रो वर्षको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी केन्द्रीय परीक्षा संचालन समितिको निर्णय अनुसार बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. परीक्षा आवेदन फारम सम्बन्धमा

क) परीक्षा आवेदन फाराम Online मार्फत विद्यार्थीले/क्याम्पसले फाराममा तोकिएका कागजातहरु प्रविष्ट गरी फारामका सम्पूर्ण विवरण भर्नु पर्नेछ। यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) ४ वर्षे स्नातक तह २०८० सालमा भर्ना भई २०८१ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुका लागि यो दोस्रो बर्षको नियमित परीक्षा हुनेछ । आंशिक परीक्षार्थीको हकमा २०७४ सालमा भर्ना भई २०७५ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुका लागि यो परीक्षा अन्तिम पटकको हुनेछ ।

ग) परीक्षा आवेदन फाराम भर्नको लागि हालसालै खिचेको White Background भएको पासपोर्ट साइजको फोटो आवश्यक पर्नेछ ।

घ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।

२. परीक्षा आवेदन फाराम भर्ने शुल्क बुझाउने म्याद सम्बन्धमा

क) नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुले **मिति २०८२-१०-१५ गते देखि २०८२-११-१३ गते सम्म** नियमित दस्तुर बुझाई तथा **२०८२ फाल्गुन १४ गते देखि** २० गते सम्म दोब्बर दस्तुर सहित सम्बन्धित क्याम्पस/कलेजमा Online परीक्षा फाराम बुझाईसक्नु पर्नेछ ।

ख) काठमाडौं उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का. को नाममा जम्मा गरेको आवेदन फारामको नियमित शुल्क बुझाएकोको बैंक भौचर र परीक्षा आवेदन फाराम अनिवार्य रुपमा त्रि.वि.प.नि.का.,बल्खुमा बुझाउनु पर्नेछ साथै दोब्बर दस्तुर तिरेको बैंक भौचर पनि अन्तिम मिति को २ दिन भित्रै प.नि.का.,बल्खुमा बुझाईसक्नु पर्नेछ।

ग) परीक्षा फारामहरु बुझाउँदा सम्बन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्बन्धित फाराम शाखामा बुझाउनु पर्ने छ।

### ३. परिक्षा शुल्क सम्बन्धमा

| क्र.सं. | विवरण | शुल्क (रु.) |
|---|---|---|
| क | नियमित/आंशिक परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | ४७०\|- |
| ख | परीक्षा आबेदन फाराम | ६०\|- |
| ग | परीक्षा केन्द्र शुल्क | १००\|- |
| घ | प्रयोगात्मक परीक्षा प्रति विषयका लागि | १५०\|- |
| ङ | प्रयोगात्मक परीक्षा दुई वा दुई भन्दा बढी विषयका लागि शुल्क | २७५\|- |

### ४. परीक्षा शुल्क बुझाउने सम्बन्धमा

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१०००००५०० मा वा नेपाल बैंक लिमिटेडको आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का. को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारामका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

.................................................
परीक्षा नियन्त्रक